# काठमाडौं महानगरपालिका

# स्थानीय राजपत्र

**काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ५) काठमाडौं, पौष १६ गते, २०७८ साल (अतिरिक्ताङ्क ३**

# भाग १

## पर्यटन प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना :** काठमाडौं महानगरपालिका र होटल सङ्घ नेपालबिच भएको सहमति तथा काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७६ ले गरेको कानुनी व्यवस्थाबमोजिम पर्यटन तथा होटल क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिने पर्यटन प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन गर्न कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले काठमाडौं महानगरपालिका नगर कार्यपालिकाले यो पर्यटन प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०७८ बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "पर्यटन प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यक्रम" भन्नाले पर्यटन प्रवर्धनका लागि गरिने योजना, कार्यक्रम, आयोजना सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कोष"भन्नाले दफा ३ बमोजिम गठन भएको पर्यटन प्रवर्धन कोषलाई सम्झनुपर्छ ।

(घ) "महानगरपालिका" भन्नाले काठमाडौँ महानगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन हुने निर्देशक समितिलाई सम्झनुपर्छ ।

(च) "सङ्घ" भन्नाले होटल सङ्घ नेपाललाई सम्झनुपर्छ । सो शब्दलाई अङ्ग्रेजीमा "HAN" लेखी प्रयोग गर्न सकिने छ ।

## परिच्छेद-२

## कोषको स्थापना तथा सञ्चालनसम्बन्धी व्यवस्था

३. **कोषको स्थापना** : (१) पर्यटन विकास तथा प्रवर्धनका लागि महानगरपालिका र सङ्घको सहकार्यमा जम्मा हुने रकम परिचालन गर्न एक कोष स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्न महानगरपालिकाले तोकेको बैङ्कमा खाता सञ्चालन हुने छ ।

(३) उपदफा (२) बमोजिमको खाता महानगरपालिकाको राजस्व विभाग प्रमुख वा तोकेको निर्देशक र सङ्घले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

४. **<u>निर्देशक समिति</u> :** (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक नीतिगत निर्णय  गर्ने, निर्णय कार्यान्वयन तथा मूल्याङ्कन गरी पर्यटन प्रवर्धनको क्षेत्रमा गर्नुपर्ने सुधारका योजनाहरू स्वीकृत गर्न निर्देशक समिति गठन हुने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका पदाधिकारीहरू रहने छन् :

| | | |
|---|---|---|
| (क) | प्रमुख, महानगरपालिका | **अध्यक्ष** |
| (ख) | उपप्रमुख, महानगरपालिका | **सदस्य** |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, महानगरपालिका | **सदस्य** |
| (घ) | अध्यक्ष, सङ्घ | **सदस्य** |
| (ङ) | महासचिव, सङ्घ | **सदस्य** |
| (च) | कोषाध्यक्ष, सङ्घ | **सदस्य** |
| (छ) | प्रमुख, कानुन तथा मानव अधिकार विभाग, महानगरपालिका | **सदस्य** |
| (ज) | प्रमुख सञ्चालन अधिकृत, सङ्घ | **सदस्य** |
| (झ) | प्रमुख,राजस्व विभाग, महानगरपालिका | **सदस्य सचिव** |

(३) उपदफा (२) बमोजिम गठित समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्ने छ । एक बैठक र अर्को बैठकको बिचको अवधि छ महिनाभन्दा बढी हुने छैन । समितिको बैठक आवश्यकताअनुसार बस्ने छ ।

(४) समितिको बैठक भत्ता महानगरपालिकाको प्रमुखको अध्यक्षतामा बस्ने बैठकलाई प्रचलित कानुनले तोकेसरह हुने छ ।

(५) समितिको बैठकका लागि महानगरपालिकाको तर्फबाट प्रमुखसहितको कम्तीमा तीन जना र सङ्घको तर्फबाट कम्तीमा दुई जनाको उपस्थितिलाई गणपुरक सङ्ख्या मानिने छ ।

**५.** **समितिको काम, कर्तव्य र अधिकार** : (१) दफा ४ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ;

(क) कोषको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) कोषको उद्देश्यअनुसार कार्य भए/नभएको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) अनुगमन तथा निरीक्षण गरी प्राप्त नतिजा कार्यान्वयन गर्न कार्यान्वयन समितिलाई निर्देशन दिने,

(घ) पर्यटन प्रवर्धनका लागि सम्बद्ध सरकारी तथा गैरसरकारी निकाय वा कार्यालयहरूसँग आवश्यक समन्वय गरी सहकार्य वा साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्ने तथा गराउने,

(ङ) महानगरपालिका र सङ्घका बिचमा रहेका समान प्रकृतिको नीति, कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्ने/गराउने ।

(च) वार्षिक प्रगति प्रतिवेदन महानगरपालिकाको कार्यपालिकामा पेस गर्ने ।

६. **कार्यान्वयन समिति** : (१) कोषको उद्देश्य पूरा गर्न तथा समितिको निणर्यहरू कार्यान्वयन गर्न देहायबमोजिमको कार्यान्वयन समिति गठन हुने छ;

(क) प्रमुख, राजस्व विभाग, महानगरपालिका — **संयोजक**

(ख) महाशाखा प्रमुख, पर्यटन महाशाखा, महानगरपालिका — **सदस्य**

(ग) महाशाखा प्रमुख, आर्थिक प्रशासन महाशाखा, महानगरपालिका **सदस्य**

(ग) प्रमुख सञ्चालन अधिकृत, सङ्घ **सदस्य**

(घ) सहायक निर्देशक, राजस्व विभाग, महानगरपालिका **सदस्य सचिव**

(२) उपदफा (१) बमोजिम गठित कार्यान्वयन समितिको बैठक आवश्यकताअनुसार बस्ने छ ।

(३) कार्यान्वयन समितिको बैठक भत्ता महानगरपालिकाको विभागीय प्रमुखको अध्यक्षतामा बस्ने बैठकलाई तोकेबमोजिमको हुने छ ।

**७. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :** कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ;

(क) कोषको वार्षिक योजना तथा कार्यक्रम तयार गरी निर्देशक समितिमा पेस गर्ने ।

(ख) समितिबाट स्वीकृत भएको वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न विस्तृत कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

(ग) समितिले स्वीकृत गरेको योजना तथा कार्यक्रम र समितिको अन्य निर्णय तथा निर्देशन कार्यान्वयनसम्बन्धी प्रगति विवरण पेस गर्ने ।

(घ) तोकिएबमोजिम कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

**८. कोषको उद्देश्य :** (१) कोष सञ्चालनको उद्देश्य देहायबमोजिम रहेको छ;

(क) पर्यटन तथा होटल उद्योगको प्रवर्धन गरी पर्यटन क्षेत्रको दीगो विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ख) पर्यटन तथा होटल क्षेत्र सम्बद्ध सङ्घ, संस्था, कम्पनीको क्षमता विकास, सेवाको स्तरवृद्धि गर्न अभिमुखीकरण, अन्तरक्रिया तथा तालिम सञ्चालन गर्ने ।

(ग) पर्यटन तथा होटल व्यवसाय सम्बद्ध करदाताहरूले महानगरपालिकालाई तिर्नु/बुझाउनुपर्ने राजस्व तिरे/नतिरेको यकिन गरी समयमै राजस्व बुझाउन उत्प्रेरित गर्ने, सहजीकरण गर्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) महानगरपालिकाले वार्षिक रूपमा तोक्ने राजस्वका दरहरूको सम्बन्धमा छलफल तथा परामर्श गरी महानगरपालिकालाई सुझाव पेस गर्ने ।

(ङ) महानागरपालिका क्षेत्रभित्र पर्यटन तथा होटल व्यवसायको प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न महानगरपालिका र सङ्घ सम्बद्ध पदाधिकारी तथा कर्मचारीहरूलाई स्वदेशी तथा विदेशी तालिम, अध्ययन भ्रमण, अवलोकन तथा अध्ययन/अनुसन्धानमा सहभागी गराउने ।

(च) पर्यटन तथा होटल व्यवसाय प्रवर्धन गर्न सहयोग पुग्ने प्रकृतिका पूर्वाधार निर्माण, मर्मतसम्भार तथा पुनर्निर्माणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(छ) पर्यटन तथा होटल व्यवसाय विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सेवा तथा वस्तुको प्रदर्शनी, प्रचार-प्रसार र प्रवर्धन गर्ने ।

(ज) पर्यटन विकाससम्बन्धी सङ्घीय, प्रादेशिक तथा अन्य स्थानीय सरकारका कार्यक्रममा साझेदारी तथा आवश्यकताअनुसार सहयोग र सहजीकरण गर्ने गराउने ।

(झ) पर्यटन तथा होटल क्षेत्र प्रर्वद्धनका लागि समितिले आवश्यक ठानेका अन्य कार्यहरू गर्ने/गराउने ।

९. **कोषको आम्दानी** : (१) देहायबमोजिमका स्रोतबाट प्राप्त हुने रकमलाई कोषको आम्दानी मानिने छ;

(क) महानगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा ८ बमोजिम होटल, रिसोर्टको नाममा घरजग्गा भई वा लिजमा लिई होटल, रिसोर्ट सञ्चालन गरेका करदाताबाट आर्थिक वर्ष २०७५/०७६ मा दाखिला भएको सम्पत्ति करको ६५ प्रतिशतले हुन आउने रकम ।

(ख) स्वदेशी तथा विदेशी सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू र त्यसमा कार्यरत उद्योगी, व्यवसायी, पेसाकर्मी, नागरिक समाज तथा सङ्घसंस्थाबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम ।

(ग) कोषको खाता रहेको बैङ्कले उपलब्ध गराएको ब्याज ।

(घ) प्रचलित कानुनको अधिनमा रही कोषमा जम्मा हुने गरी प्राप्त रकम ।

(ङ) महानगरपालिका र सङ्घको सहकार्यमा पर्यटन विकासको लागि थप जम्मा गरिने रकम ।

**१०. साझेदारी कार्यक्रम :** (१) कुनै पर्यटन तथा होटल व्यवसायी वा पर्यटन तथा होटल व्यवसायसँग सम्बद्ध सङ्घसंस्थाबाट यस कोषको उद्देश्यअनुसार कुनै कार्यक्रम साझेदारीमा सञ्चालन गर्न प्रस्ताव पेस गरेमा सोको विस्तृत विवरण कार्यान्वयन समितिले अध्ययन गरी समितिसमक्ष सिफारिससाथ पेस गर्न सक्ने छ ।

(२) साझेदारी कार्यक्रमसम्बन्धी छुट्टै अभिलेख राखी प्रतिवेदन तयार गरिने छ ।

(३) कुनै व्यवसायी वा व्यावसायिक प्रतिष्ठानबाट प्राप्त हुन आएको कुनै साझेदारीको प्रस्ताव आंशिक वा पूर्णरूपमा स्वीकार गर्न सकिने छ ।

(४) साझेदारीमा कार्यक्रम गर्न व्यवसायीलाई प्रोत्साहन गरिने छ ।

**११. कोषको प्रयोग :** समितिले स्वीकृत गरेको वार्षिक योजना तथा कार्यक्रम र समय-समयमा समितिले गर्ने निर्णयबमोजिमका

कार्यक्रमहरू सञ्चालन गर्न कोषको प्रयोग गरिने छ । सामान्यतः देहायका कार्यक्रमहरू सञ्चालन गर्न कोषको रकम खर्च गरिने छ;

(क) पर्यटन विकासका लागि अध्ययन/अनुसन्धान, प्रकाशन, अवलोकन, प्रतिनिधित्व, प्रचार-प्रसार गर्न,

(ख) पर्यटन विकासका लागि सेवा तथा वस्तुको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदर्शनी र प्रवर्धन गर्न,

(ग) पर्यटन प्रवर्धनका लागि आवश्यक पर्ने सूचना, शिक्षा सञ्चार सामग्री, प्रविधि, सरसफाइ, विज्ञापन र प्रवर्धनात्मक सन्देशसहितका वस्तु तथा सेवा प्रकाशन तथा प्रचार-प्रचार गर्न,

(घ) पर्यटन विकाससम्बन्धी सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाका कार्यक्रममा साझेदारी तथा आवश्यकताअनुसार सहयोग तथा सहजीकरण गर्न,

(ङ) महानगरपालिकाका कर्मचारी, पर्यटन क्षेत्रका व्यवसायी, कर्मचारी तथा कामदारहरूको क्षमता अभिवृद्धि गर्न,

(च) पर्यटन पूर्वाधार निर्माण तथा पुनर्निर्माण तथा पुनरुत्थान गर्न,

(छ) प्राकृतिक विपद् वा दुर्घटनाको कारण क्षति पुगेका पर्यटकहरूका लागि उद्धार तथा मनोविमर्श र परामर्शसम्बन्धी कार्य गर्न,

(ज) पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण मौलिक सम्पदा संरक्षण गर्न,

(झ) पर्यटकका लागि आकर्षण गर्ने स्थानको पहिचान र आवश्यकताअनुसारको संरचना तयार गर्न,

(ञ) पर्यटनमैत्री प्रविधिको विकास गर्न,

(ट) पर्यटनसँग सम्बन्धित शिक्षा, खोजी, अनुसन्धान र पर्यटन तथा आतिथ्यतासँग सरोकार राख्ने गतिविधिहरूको अभिवृद्धिको लागि आवश्यक सहयोग पुऱ्याउन,

(ठ) मानव संसाधन व्यवस्थापन र विकासको लागि आवश्यक कार्यक्रमहरू सम्पन्न गर्न,

(ड) समितिको निर्णयहरू कार्यान्वयन गर्न गराउन ।

**१२. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>** : समितिद्वारा पारित गरिएका वार्षिक योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने प्रक्रिया देहायबमोजिम हुने छ;

(१) कोषको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा महानगरपालिकाको सार्वजनिक खरिद नियामावली तथा सङ्घको आर्थिक विनियमावलीमा आधारित हुने छ ।

(२) योजनाअन्तर्गतका स्वीकृत कार्यक्रमहरू सञ्चालनका लागि सङ्घबाट प्रस्ताव आएमा महानगरपालिकाको प्रमुखस्तरीय निर्णय गरी सङ्घलाई कार्यक्रम अनुदान दिन सकिने छ ।

(३) कार्यक्रम गर्नुपूर्व कार्यक्रमको विस्तृत कार्ययोजनासहितको प्रस्ताव, लागत अनुमान तयार गरिने छ । प्रस्तावहरू स्वीकृत गर्ने अधिकार समितिलाई हुने छ ।

(४) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था समितिलाई जानकारी गराउनुपर्ने छ । कार्यान्वयनको अवस्थासम्बन्धी प्रतिवेदन कार्यान्वयन समितिले समितिमा पेस गर्नुपर्ने छ ।

**१३. <u>कोषको प्रयोग नगरिने क्षेत्र</u>** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम खर्च गर्न पाइने छैन,

(क) कर्मचारी नयाँ भर्ना गरी पारिश्रमिक दिन । तर बैठक भत्ता तथा दैनिक भ्रमण भत्ता एवम् यातायात खर्च उपलब्ध गराउन सकिने छ । साथै परामर्शदाताको सेवाबापतको शुल्क र तालिम प्रदायकको शुल्क दिन सकिने छ ।

(ख) कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन ।

(ग) पर्यटन तथा आतिथ्यता विकास तथा व्यवस्थापन वा यस विषयसँग जोडिएका गतिविधिसँग सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गरिने छैन ।

(घ) कोषबाट खरिद भएको कुनै पनि सामग्री पूर्ण वा आंशिक रूपमा कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिने छैन ।

## परिच्छेद–३

## कोषको सञ्चालन तथा लेखापरीक्षण

**१४. कोषको सञ्चालन** : कार्यान्वयन समितिका संयोजक वा महानगरपालिका राजस्व विभागका निर्देशक र सङ्घले तोकेको पदाधिकारी वा व्यक्तिको संयुक्त दस्तखतबाट कोषको बैङ्क खाता सञ्चालन हुने छ । कोषको सबै कारोबार बैकमार्फत मात्र गरिने छ ।

**१५. कोषको आयव्ययको लेखा तथा सार्वजनिकीकरण :** (१) कोषको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने छ ।

(२) अनुदानमार्फत सङ्घमा प्राप्त भएको रकम सङ्घको आर्थिक कार्यविधिअनुसार राखिने छ ।

(३) कोषको आम्दानी र खर्चको विवरण चौमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा सार्वजनिक गर्नुपर्ने छ ।

(४) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने छ ।

## परिच्छेद–४

## विविध

१६. **संयुक्त टोलीबाट अनुगमन** : होटल रिसोर्टको नाममा घरजग्गा भई वा लिजमा लिई होटल रिसोर्ट सञ्चालन गरेको करदाताबाट असुल हुने सम्पति कर र व्यवसाय करका दर तथा दायरालाई वैज्ञानिक बनाउन तथा असल अभ्यासहरूको जानकारी प्राप्त गर्न महानगरपालिका र सङ्घको संयुक्त टोलीले अन्तर्राष्ट्रिय स्तरमा समेत अध्ययन गरी सुझाव तयार गर्ने छ।

१७. **परामर्श लिन सक्ने** : (१) यस कार्यविधिबमोजिमको कार्यसम्पादन गर्न उपयुक्त व्यक्ति, परामर्शदाता वा संस्थासँग आवश्यक परामर्श लिन सक्ने छ।

(२) परामर्श सेवा लिने प्रक्रिया प्रचलित कानुनबमोजिम हुने छ।

१८. **रकम फ्रिज नहुने** : कोषमा जम्मा भएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम फ्रिज हुने छैन।

१९. **अभिलेख राख्ने** : कोष कार्यान्वयन समितिले आफूले गरेको कामकारबाही तथा सम्पतिको अभिलेख दुरुस्त राख्नुपर्ने छ।

२०. **थपघट वा हेरफेर गर्न सक्ने** : यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै व्यवस्था थपघट वा हेरफेर गर्नुपर्ने भएमा कार्यपालिकाले गर्न सक्ने छ।

आज्ञाले
लोकनाथ पौडयाल
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिकाबाट स्वीकृत मिति :** २०७८/०८/०७

# भाग १

## काठमाडौँ महानगरपालिकाको सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८

**प्रस्तावना :** काठमाडौँ महानगरपालिकाको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजनासम्बन्धी प्रस्तावको सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी अध्ययन, प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाले वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ६ (४) र दफा ७१ ले दिएको अधिकार प्रयोग गरी यो **सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८** बनाई लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि प्रचलित सङ्घीय कानुनले महानगरपालिकाको अधिकारक्षेत्रभित्र पर्ने भनी तोकिएको विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना कार्यान्वयन गर्ने सरकारी, अर्धसरकारी, गैरसरकारी, समुदायमा आधारित संस्था र व्यक्ति वा कम्पनीको हकमा समेत लागु हुने छ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"उपप्रमुख"** भन्नाले काठमाडौँ महानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ख) **"ऐन"** भन्नाले काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **"कार्यसूची"** भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि यस कार्यविधिबमोजिम स्वीकृत भएको कार्यसूची सम्झनुपर्छ ।

(घ) **"कार्यालय"** भन्नाले काठमाडौँ महानगरपालिकाको कार्यालय र सोअन्तर्गतको वातावरण विषय हेर्ने विभाग सम्झनुपर्छ ।

(ङ) **"महानगरपालिका"** भन्नाले काठमाडौँ महानगरपालिका सम्झनुपर्छ ।

(च) **"प्रमुख"** भन्नाले काठमाडौँको महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **"प्रस्ताव"** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भूउपयोगमा कुनै परिवर्तन गर्ने कुनै योजना, आयोजना, परियोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ ।

(झ) **"प्रस्तावक"** भन्नाले प्रस्ताव स्वीकृतिका लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृत प्राप्त व्यक्ति वा

सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय, कम्पनी वा संस्था सम्झनुपर्छ ।

(ञ) **"प्रारम्भिक वातावरणीय परीक्षण"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रूपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ ।

(ट) **"वातावरण"** भन्नाले प्राकृतिक, भौतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरू तथा ती अवयवहरूको बिचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनुपर्छ ।

(ठ) **"वातावरणीय अध्ययन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायका सम्बन्धमा गरिने सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ ।

(ड) **"वातावरणीय अध्ययन प्रतिवेदन"** भन्नाले सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ ।

(ढ) **"वातावरणीय प्रभाव मूल्याङ्कन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण

गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रूपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ ।

(ण) **"व्यावसायिक कार्ययोजना"** भन्नाले प्रस्तावकले कार्यान्वयन गर्ने विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने बाहेकका आयोजना वा कार्यक्रममा हुने लगानी र प्रतिफलको विश्लेषणसहितको कार्ययोजना सम्झनुपर्छ ।

(त) **"विस्तृत परियोजना प्रतिवेदन"** भन्नाले प्रस्तावकले कार्यान्वयन गर्ने विकास निर्माणसँग सम्बन्धित परियोजनाको प्राविधिक र आर्थिक पक्षहरू विश्लेषण गरिएको विस्तृत प्रतिवेदन सम्झनुपर्छ ।

(थ) **"सङ्क्षिप्त वातावरणीय अध्ययन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा सङ्क्षिप्त रूपमा गरिने अध्ययन सम्झनुपर्छ ।

## परिच्छेद–२

## प्रस्ताव छनोट तथा कार्यसूचीसम्बन्धी व्यवस्था

३. **प्रस्ताव छनोट गर्ने र सूची तयार गर्ने** : (१) कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा कार्ययोजनाको आधारमा वातावरणीय अध्ययनका निम्ति आवश्यक पर्ने विकास निर्माणसम्बन्धी कार्य वा आयोजना तथा कार्यक्रम पहिचान गरी सूची तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम महानगरपालिका क्षेत्रभित्र गरिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रीसम्बन्धी कार्यसमेत समावेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन आवश्यक पर्ने आयोजना तथा कार्यक्रमको पहिचान तथा सूची तयार गर्दा सङ्घीय वातावरण संरक्षण नियमावली, २०७७ को आधारमा सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिमको सूची तयार गर्दा यस कार्यविधिको अनुसूची-१ मा उल्लिखित सीमा (थ्रेसहोल्ड) अनुसार गर्नुपर्ने छ।

(५) कार्यालयले वातावरणीय अध्ययन गर्नुपर्ने आयोजना वा कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन वा व्यावसायिक कार्ययोजना तयार भएपश्चात् वातावरणीय अध्ययन गर्ने/गराउने व्यवस्था गर्नुपर्ने छ।

(६) उपदफा (५) बमोजिम वातावरणीय अध्ययन गर्दा अनुसूची-२ मा उल्लिखित वातावरणीय अध्ययनसम्बन्धी प्रवाह चित्र, प्रभाव पहिचान तथा अध्ययन सूची र औजारको प्रयोग गर्नुपर्ने छ।

४. **कार्यसूची तयारी तथा स्वीकृति गर्नुपर्ने** : (१) प्रस्तावकले सङ्क्षिप्त वातावरणीय अध्ययनका लागि अनुसूची-३ र प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा प्रत्येक आयोजना वा कार्यक्रमका लागि छुट्टाछुट्टै कार्यसूची तयार गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कार्यसूची स्वीकृतिका लागि वातावरण विषय हेर्ने विभाग वा महाशाखामा पेस गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम पेस भएको कार्यसूची स्वीकृतिका लागि पेस गर्नुअघि विषयसँग सम्बन्धित विभाग र महाशाखाको राय सुझावसहित पेस गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम पेस भएको सङ्क्षिप्त वातावरणीय अध्ययनसम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृतले र प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृतमार्फत प्रमुखले आवश्यक जाँचबुझ गरी पेस भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नुपर्ने छ ।

(५) उपदफा (४) को प्रयोजनका लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिने छ ।

(६) यस दफाबमोजिमको कार्यसूची स्वीकृत गर्दा दफा १४ को उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको सिफारिसमा गर्नुपर्ने छ ।

**५. सार्वजनिक सुनुवाइ गर्नुपर्ने :** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाइको आयोजना गरी राय सुझाव सङ्कलन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाइ गर्दा प्रस्तावकले प्रभावित स्थानीय समुदाय, स्थानीय शिक्षक, वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने स्थानीय सङ्घसंस्था, वन उपभोक्ता समूह गठन भएको भए सो समूहका प्रतिनिधि, वडा अध्यक्ष वा वडा समितिका प्रतिनिधिको रोहवरमा गराउनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाइ गर्ने प्रयोजनका लागि प्रस्तावकले सोको मिति, समय, स्थान र आयोजना तथा कार्यक्रमको सम्बन्धमा प्रचार-प्रसार गर्नका लागि स्थानीय पत्रपत्रिका, रेडियो वा अन्य सञ्चार माध्यमको

प्रयोग गर्नुका साथै सम्बन्धित वडा कार्यालय र आयोजना क्षेत्रको कुनै सार्वजनिक स्थलमा सूचना समेत टाँस गर्नुपर्ने छ।

(४) उपदफा (१) बमोजिम गरिने सार्वजनिक सुनुवाइ कार्यक्रममा आयोजना तथा कार्यक्रमबाट प्रभावित क्षेत्रका स्थानीय शिक्षक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका वर्गको समेत सहभागिता सुनिश्चित गर्न प्रस्तावकले उपदफा (२) बमोजिमको सूचना स्थानीय पत्रपत्रिका, रेडियो र अन्य सञ्चार माध्यमबाट सम्भव भएसम्म स्थानीय भाषामा समेत प्रचार-प्रसार गर्नुपर्ने छ।

(५) प्रस्तावकले आयोजना तथा कार्यक्रमले समेट्ने भौगोलिक क्षेत्रको आधारमा आवश्यकता अनुसार एकभन्दा बढी स्थानमा सार्वजनिक सुनुवाइको आयोजना गर्नुपर्ने छ।

(६) यस दफाबमोजिम आयोजना गरिएको सार्वजनिक सुनुवाइमा भएको उपस्थिति, सुनुवाइबाट प्राप्त सुझाव, तस्बिर तथा श्रव्यदृश्य सामग्रीसमेत वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न गर्नुपर्ने छ।

(७) सार्वजनिक सुनुवाइ कार्यक्रमसम्बन्धी विस्तृत ढाँचा तथा प्रक्रिया अनुसूची-५ मा उल्लेख भएबमोजिम हुने छ।

## परिच्छेद–३

## प्रतिवेदन तयारी तथा स्वीकृतिसम्बन्धी व्यवस्था

६. **वातावरणीय अध्ययन प्रतिवेदन तयारी :** (१) दफा ४ को उपदफा (४) बमोजिम स्वीकृत कार्यसूची र दफा ५ बमोजिम आयोजना हुने सार्वजनिक सुनुवाइबाट प्राप्त राय सुझावसमेतको आधारमा

प्रस्तावकले प्रत्येक आयोजना तथा कार्यक्रमको लागि छुट्टाछुट्टै वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने छ ।

(२) सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको ढाँचा अनुसूची-६ तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-७ मा तोकिएबमोजिम हुने छ ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने महानगरपालिका वा त्यस क्षेत्रका सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन अनुसूची-८ बमोजिमको ढाँचामा वडा तथा अन्य कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमको सूचना कुनै एक स्थानीय पत्रपत्रिकामा प्रकाशन गरी आफ्नो वेबसाइट भएमा सोमा समेत प्रकाशन गर्नुपर्ने छ ।

(५) उपदफा (३) र (४) बमोजिम सूचना टाँस वा प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको रायसुझाव भए सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिने छ ।

(६) दफा ४ को उपदफा (३) बमोजिम स्वीकृत कार्यसूची तथा उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले डेस्क अध्ययन, स्थलगत अध्ययन भ्रमण, नापजाँच, नमुना परीक्षण तथा अवलोकन र प्रभावित क्षेत्रका लक्षित समुदाय तथा सरोकारवालाहरूसँग समेत अन्तरक्रिया गरी तथ्याङ्क तथा सूचना सङ्कलन गर्नुपर्ने छ ।

(७) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्न

सक्ने सकारात्मक प्रभाव बढोत्तरी तथा नकारात्मक प्रभाव न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पहरूमध्ये वातावरणीय दृष्टिकोणले प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने उत्तम विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ।

(८) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा अनुसूची-९ मा उल्लिखित विज्ञमार्फत तयार गर्नुपर्ने छ।

(९) उपदफा (८) बमोजिम वातावरणीय अध्ययन कार्यमा संलग्न विज्ञहरू स्थलगत अध्ययन, अवलोकन, नापजाँच, नमुना सङ्कलन, राय-परामर्श र अन्तरक्रियाका लागि आयोजना तथा कार्यक्रमको प्रस्तावित स्थलमा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने छ।

(१०) वातावरणीय अध्ययनसम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषामा तयार गर्नुपर्ने छ।

तर कार्यसूची तथा प्रतिवेदनमा उल्लेख गरिने प्राविधिक शब्दावलीका लागि नेपाली भाषा प्रयोग गर्दा शब्दको आसयमा नै तात्विक फरक पर्ने भएमा त्यस्ता शब्द अङ्ग्रेजी भाषामा उल्लेख गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएका प्रस्तावको हकमा तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदन र कार्यसूची नेपाली वा अङ्ग्रेजी भाषामा तयार गर्न सकिने छ।

(१२) उपदफा (११) बमोजिम अध्ययन प्रतिवेदन र कार्यसूची अङ्ग्रेजी भाषामा तयार पारिएको अवस्थामा सोको कार्यकारी सारांशसहितको सङ्क्षिप्त प्रतिवेदन नेपाली भाषामा समेत तयार गर्नुपर्ने छ।

(१३) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सङ्घीय वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली, २०७७, वाग्मती प्रदेश वातावरण संरक्षण ऐन २०७७ र काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ ले तोकेअनुसारको मापदण्ड र गुणस्तर कायम हुने गरी यस कार्यविधिले निर्धारण गरेको ढाँचामा तयार गर्नुपर्ने छ ।

(१४) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीसम्बन्धी व्यवस्था प्रचलित सङ्घीय तथा प्रदेश कानुनबमोजिम हुने छ ।

७. **अध्ययन प्रतिवेदनको स्वीकृति :** (१) दफा ६ बमोजिम तयार गरिएको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत प्रमुखसमक्ष पेस गर्नुपर्ने छ ।

(२) प्रमुखले उपदफा (१) बमोजिम पेस भएको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय प्रतिवेदनउपर अध्ययन, विश्लेषण तथा पुनरावलोकनको लागि दफा १४ को उपदफा (१) बमोजिम गठित प्राविधिक समितिमा पठाउनुपर्ने छ ।

(३) प्राविधिक समितिले उपदफा (२) बमोजिम प्राप्त भएको वातावरणीय अध्ययन प्रतिवेदनउपर आवश्यक अध्ययन, परामर्श, जाँचबुझ, विश्लेषण तथा पुनरावलोकन गरी स्वीकृतिका लागि सिफारिस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम प्राविधिक समितिको सिफारिसको आधारमा प्रस्तावित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वातावरणमा कुनै उल्लेख्य प्रभाव पर्ने नदेखिएमा आवश्यकताअनुसार प्रस्तावकले पालना गर्नुपर्ने सर्त तोकी सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन भए प्रमुखले र

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा कार्यपालिकाले स्वीकृत गर्ने छ।

(५) उपदफा (४) बमोजिम प्रतिवेदन स्वीकृत गर्दा प्रतिवेदन पेस भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नुपर्ने छ।

(६) उपदफा (५) को प्रयोजनका लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिने छ।

(७) उपदफा (३) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनको अध्ययन तथा जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा सङ्क्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न प्रमुखले र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने गरी कार्यपालिकाले आदेश दिन सक्ने छ।

(८) उपदफा (७) बमोजिम दिइएको आदेशअनुसार प्रस्तावकले थप अध्ययन गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए कार्यपालिकासमक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानुनले तोकेको निकायसमक्ष पुनः पेस गर्नुपर्ने छ।

(९) उपदफा (८) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी कार्यसूची प्रमुखबाट र वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी कार्यसूची प्रदेश कानुनले तोकेको निकायबाट स्वीकृत गराउनुपर्ने छ।

८. **प्रतिवेदन परिमार्जन गर्न सकिने :** (१) सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन

स्वीकृत भइसकेपछि सो प्रतिवेदनमा भौतिक पूर्वाधार, डिजाइन तथा क्षमता र स्वरूपमा परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भएमा वा आयोजना तथा कार्यक्रमको क्षमता घटेमा वा रुख कटान सङ्ख्यामा थपघट गर्नुपर्ने भएमा कार्यपालिकाले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिन सक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (७) बमोजिम सङ्क्षिप्त वातावरणीय अध्ययन गरिएकोमा प्रारम्भिक वातावरणीय परीक्षण वा प्रारम्भिक वातावरणीय परीक्षण गरिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने आदेश दिएको अवस्थामा परिमार्जनसम्बन्धी व्यवस्था लागु हुने छैन ।

## परिच्छेद–४

## प्रस्ताव कार्यान्वयन तथा अनुगमनसम्बन्धी व्यवस्था

९. **प्रस्ताव कार्यान्वयन गर्नुपर्ने :** (१) प्रस्तावकले सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको मितिले तीन वर्षभित्र त्यस्तो प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नुपर्ने छ तर सो प्रस्तावसम्वन्धी विशिष्टीकृत कानुनले अन्यथा व्यवस्था भएको हकमा भने सोहीबमोजिम हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति सिर्जना भई सो अवधिभित्र प्रस्तावको कार्यान्वयन हुन नसक्ने अवस्था उत्पन्न भएमा प्रस्तावकले सङ्क्षिप्त वातावरणीय अध्ययनको हकमा प्रमुख प्रशासकीय अधिकृतसमक्ष र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा प्रमुखसमक्ष स्पष्ट कारण खुलाई म्याद थपका लागि निवेदन दिनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदनउपर सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन भए प्रमुख प्रशासकीय अधिकृतले र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए प्रमुखले दफा १४ को उपदफा (१) बमोजिमको प्राविधिक समितिबाट जाँचबुझ गराई बेहोरा मनासिव देखेमा आफ्नो रायसहित कार्यपालिकामा पेस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम पेस भएको निवेदनको बेहोरा मनासिव देखेमा कार्यपालिकाले बढीमा दुई वर्षको अवधि थप गर्न सक्ने छ ।

(५) उपदफा (१) वा (४) बमोजिमको अवधिभित्र प्रस्ताव कार्यान्वयन प्रारम्भ नगर्ने प्रस्तावकले त्यस्तो प्रस्तावको पुनः वातावरणीय अध्ययन गराई स्वीकृतिका लागि पेस गर्नुपर्ने छ ।

**१०. वातावरणीय व्यवस्थापन योजना :** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि अनुसूची-१० बमोजिमको ढाँचामा वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय सकारात्मक प्रभाव बढोत्तरी हुने र नकारात्मक प्रभाव न्यूनीकरण गर्ने क्रियाकलापहरूमध्ये आयोजना निर्माणको क्रममा र आयोजना निर्माण सम्पन्न भएपछि अवलम्बन गर्ने क्रियाकलापहरूसमेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजनामा निरोधात्मक, सुधारात्मक र क्षतिपूर्तिसम्बन्धी क्रियाकलापहरूसमेत प्रस्ताव गर्नुपर्ने छ ।

(४) वातावरणीय व्यवस्थापन योजना तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन र दीर्घकालीन सकारात्मक प्रभावको बढोत्तरी र

नकारात्मक प्रभावको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियासमेत उल्लेख गर्नुपर्ने छ ।

(५) वातावरणीय व्यवस्थापन योजनामा प्रस्तावित कार्यहरू सञ्चालन गर्न लाग्ने लागतलाई विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भएकोमा सोको क्रियाकलाप र लागत प्रस्तावकले वातावरण व्यवस्थापन योजनामा समावेश गर्नुपर्ने छ ।

(६) प्रस्तावकले वातावरणीय व्यवस्थापन योजनामा उल्लिखित क्रियाकलापलाई आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिने लागत अनुमानमा नै समावेश गर्नुपर्ने छ ।

(७) उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन प्रारम्भ भएपछि प्रस्तावकले कार्यान्वयनको अवस्थाको प्रतिवेदन प्रत्येक छ महिनामा कार्यपालिकासमक्ष पेस गर्नुपर्ने छ ।

(८) महानगरपालिकाले आफूले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक्काइस दिनभित्र प्रदेश कानुनले तोकेको निकायमा पठाउनुपर्ने छ ।

(९) उपदफा (८) बमोजिम पेस गरेको प्रतिवेदनलाई सात दिनभित्र कार्यालयको सूचना पाटी तथा वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने छ ।

**११. <u>प्रस्ताव कार्यान्वयन अनुगमन तथा प्रतिवेदन</u> :** (१) प्रस्ताव कार्यान्वयनको अनुगमन गर्दा प्रारम्भिक एवम् प्रक्रिया अनुगमन, नियम पालन अनुगमन तथा प्रभावको अनुगमन गर्नुपर्ने छ ।

(२) प्रस्तावको प्रारम्भिक अनुगमन गर्दा आयोजना वा कार्यक्रमको निर्माण कार्य सुरु गर्नुभन्दा अगावै निर्माणस्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नुपर्ने छ ।

(३) प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन कार्यक्रम तथा आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य, पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थालगायतका सूचकहरूको मूल्याङ्कन गर्नुपर्ने छ ।

(४) प्रस्तावकले वातावरण संरक्षणसम्बन्धी मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्थाको बारेमा आवधिक वा लगातार अनुगमन गरी अभिलेख राख्नुपर्ने छ र यसरी अनुगमन गर्दा वातावरणीय व्यवस्थापन योजनामा प्रस्तावित विषयहरूसमेत समावेश गर्नुपर्ने छ ।

(५) प्रस्ताव कार्यान्वयनबाट सिर्जना हुने सकारात्मक र नकारात्मक प्रभाव, वातावरण संरक्षणका लागि प्रस्तावकले पालना गर्नुपर्ने विषयहरू तथा वातावरणीय प्रभावकारिताको अनुगमनसम्बन्धी सूचकहरूसमेत प्रतिवेदनमा उल्लेख गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिमका प्रत्येक सूचकलाई कसले र कुन विधि वा तरिकाबाट अनुगमन गर्ने हो सोसमेत खुलाउनुपर्दछ र यस्तो विधि भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अवलम्बन गर्न सक्ने खालको हुनुपर्ने छ ।

(७) उपदफा (६) बमोजिमको कार्य प्रस्तावकसँग उपलब्ध जनशक्तिले गर्न सक्ने अवस्था नभएमा आवश्यकताअनुसार बाह्य स्रोतबाट पूर्ति गरी अनुगमनको कार्य सम्पादन गर्ने व्यवस्था प्रस्तावकले मिलाउनुपर्ने छ ।

(८) आयोजना निर्माण तथा सञ्चालनको विभिन्न चरणका लागि सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिकासमेत प्रतिवेदनमा समावेश गर्नुपर्ने छ ।

(९) उपदफा (१) बमोजिम प्रस्ताव कार्यान्वयन प्रारम्भिक अनुगमन, प्रभाव अनुगमन तथा नियम पालन अनुगमनसम्बन्धी ढाँचा अनुसूची-११ मा तोकिएबमोजिम हुने छ ।

१२. **अनुगमनसम्बन्धी जिम्मेवारी :** (१) सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी अध्ययन प्रस्तावको कार्यान्वयनको स्वःअनुगमन गर्ने जिम्मेवारी प्रस्तावक स्वयंको हुने छ ।

(२) प्रस्तावकले प्रत्येक छ महिनामा उपदफा (१) बमोजिम स्वःअनुगमन गरी तयार गरेको प्रतिवेदन महानगरपालिकामा पेस गर्नुपर्ने छ ।

(३) महानगरपालिका स्वयम् प्रस्तावक भएको वा अन्य प्रस्तावकबाट कार्यान्वयन गरिने प्रस्तावको अनुगमनका लागि कार्यपालिकाले देहायबमोजिमको अनुगमन समिति गठन गर्ने छ :

(क) उपप्रमुख - **संयोजक**

(ख) वातावरण व्यवस्थापन समितिको संयोजक - **सदस्य**

(ग) सार्वजनिक निर्माण विभाग प्रमुख - **सदस्य**

(घ) वातावरण निरीक्षक - **सदस्य**

(ङ) वातावरण व्यवस्थापन विभाग/महाशाखा प्रमुख- **सदस्य सचिव**

(४) समितिले जिल्लास्थित वन कार्यालय, सम्बन्धित निकाय प्रमुख तथा प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(५) अनुगमन समितिले दफा ११ बमोजिम अनुगमन गरी तयार पारिएको प्रतिवेदन तीस दिनभित्र कार्यापालिकासमक्ष पेस गर्नुपर्ने छ ।

(६) कार्यपालिकाले अनुगमनबाट देखिएका समस्या तथा सुझाव कार्यान्वयनका लागि प्रस्तावकलाई आदेश दिन सक्ने छ र यसरी दिएको आदेशको पालना गर्नु प्रस्तावकको कर्तव्य हुने छ ।

**१३. <u>कार्यान्वयनमा रोक लगाउन सक्ने</u> :** (१) यस कार्यविधि तथा वातावरण संरक्षणसम्बन्धी प्रचलित सङ्घीय तथा प्रदेश कानुनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत भएभन्दा फरक हुने गरी प्रस्ताव कार्यान्वयन गर्न गराउन हुँदैन ।

(२) कुनै व्यक्ति, संस्था वा निकायले उपदफा (१) विपरीतको कार्य गरेको पाइएमा सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन भए कार्यपालिकाले प्रस्ताव कार्यान्वयनमा रोक लगाउने छ र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा प्रदेश सरकारको सम्बन्धित निकायमा सिफारिस गर्ने छ ।

(३) उपदफा (२) बमोजिम कुनै प्रस्ताव कार्यान्वयनमा रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सोबापत कुनै किसिमको क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले प्रचलित ऐनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनबमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा लगाइएको रोक सम्बन्धित निकायले फुकुवा गर्न सक्ने छ ।

# परिच्छेद–५

## विविध

१४. **प्राविधिक समिति गठन गर्ने :** (१) सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुअघि प्राविधिक तथा कानुनी पक्षहरूको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न कार्यपालिकाले देहायबमोजिमको प्राविधिक समिति गठन गर्ने छ :

क) सार्वजनिक निर्माण विभाग प्रमुख - **संयोजक**

ख) आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषय विज्ञ - **सदस्य**

ग) वातावरण व्यवस्थापन विभागका विभागीय प्रमुख - **सदस्य सचिव**

(२) समितिले आवश्यकताअनुसार वन कार्यालय, सम्बन्धित विषयगत निकायका प्रमुख तथा प्रतिनिधि, वातावरण कानुनविद वा अन्य विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

१५. **गुनासो सुनुवाइ गर्ने दायित्व :** (१) आयोजना तथा कार्यक्रमको वातावरणीय, आर्थिक, सामाजिक र सांस्कृतिक सवालसँग सम्बन्धित प्रभावित व्यक्ति तथा समुदायको चासो, सिकायत तथा गुनासो प्राप्त गर्ने तथा त्यस्ता गुनासोको सम्बोधन र कार्यान्वयनमा सहजीकरण गर्ने प्रयोजनका लागि गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गर्ने दायित्व प्रस्तावकको हुने छ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था भएको संयन्त्रमा गुनासो सुन्ने अधिकारी तथा गुनासो सम्बोधन समितिलगायत अन्य उपयुक्त व्यवस्था गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम गुनासो सुनुवाइ अधिकारीको व्यवस्था नभएको अवस्थामा गुनासो सुनुवाइ अधिकारीको जिम्मेवारी स्वतः आयोजना प्रमुखको हुने छ।

(४) उपदफा (१) बमोजिम गुनासो सुनुवाइसम्बन्धी व्यवस्था गर्न कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तीन सदस्यीय गुनासो सम्बोधन समिति गठन गर्न सक्ने छ।

(५) उपदफा (२) बमोजिमको गुनासो सुनुवाइ संयन्त्रले परियोजना वा प्रस्तावसँग सम्बन्धी वातावरणीय, आर्थिक, सामाजिक एवम् सांस्कृतिक चासो तथा सवालहरूबारे आवाज प्रस्तुत गर्न र सम्बोधन गर्न समयबद्ध तथा पारदर्शी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने छ।

(६) प्रस्तावकले प्रस्तावित आयोजना तथा कार्यक्रमको विषयमा वडा तथा महानगरपालिका स्तरमा सचेतनामूलक अभियान सञ्चालन गरी प्रस्तावित आयोजना तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने प्रभावितहरूको हक-अधिकार र गुनासो सम्बोधन गर्ने संयन्त्रको बारेमा समुदाय तथा सरोकारवालालाई सुसूचित गराउनुपर्ने छ।

(७) गुनासो सम्बोधन समिति तथा गुनासो सुन्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) वातावरणीय तथा सामाजिक अवरोध, सम्पत्तिको प्राप्ति, अधिकार, क्षतिपूर्ति र सहायता सम्बन्धमा प्रभावितहरूलाई सहयोग गर्ने,

(ख) प्रभावित व्यक्तिहरूको गुनासो प्राप्त गर्ने, अभिलेख राख्ने, वर्गीकरण गर्ने, प्राथमिकता निर्धारण गर्ने,

(ग) गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बोधन गरी सम्बन्धित प्रस्तावक र महानगरपालिकालाई जानकारी गराउने,

(घ) गुनासो सम्बोधनसम्बन्धी निर्णय प्रक्रियामा असन्तुष्ट पक्षको पृष्ठपोषणलाई सुनिश्चित गर्ने,

(ङ) प्रस्तावकले तोकेबमोजिमका र समितिले आवश्यक देखेका अन्य कामहरू गर्ने ।

१६. **<u>प्रतिवेदन पेस गर्ने</u>** : महानगरपालिकाको वातावरण हेर्ने विभागले प्रत्येक ६-६ महिनामा यस कार्यविधिबमोजिम भए/गरेका वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी काम-कारबाहीको विस्तृत प्रतिवेदन कार्यपालिकामा पेस गर्नुपर्ने छ ।

१७. **<u>पुरस्कार दिन सक्ने :</u>** महानगरपालिका क्षेत्रभित्रको वातावरण संरक्षण गर्न उल्लेखनीय कार्य गर्ने प्रस्तावकलाई महानगरपालिकाले पुरस्कार वा सम्मान-पत्र दिन सक्ने छ ।

१८. **<u>प्राविधिक सहयोग लिन सक्ने</u> :** आयोजना वा कार्यक्रमका लागि गरिने वातावरणीय अध्ययनसम्बन्धी कार्य महानगरपालिकाको आन्तरिक जनशक्तिबाट गर्न सम्भव नभएको अवस्थामा महानगरपालिकाले सम्बन्धित विषयविज्ञहरू वा व्यावसायिक परामर्शदाताको सहयोग लिन सक्ने छ ।

१९. **<u>प्रचलित कानुन लागु हुने</u> :** यस कार्यविधिमा उल्लेख नभएका विषयहरूको हकमा प्रचलित कानुनको व्यवस्थाबमोजिम हुने छ ।

२०. **<u>अनुसूचीमा हेरफेर तथा थपघट हुनसक्ने</u>** : कार्यपालिकाले अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्ने छ ।

# अनुसुची-१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

महानगरपालिकाको अधिकारक्षेत्रका सम्भाव्य प्रस्तावहरूको वातावरणीय अध्ययनको सीमा (थ्रेसहोल्ड)

| प्रस्तावको विषय क्षेत्र | वातावरणीय अध्ययनका विधिअनुसार अध्ययन गर्नुपर्ने आयोजना तथा कार्यक्रमको मापदण्ड | | |
|---|---|---|---|
| | **सङ्क्षिप्त वातावरणीय अध्ययन** | **प्रारम्भिक वातावरणीय परीक्षण** | **वातावरणीय प्रभाव मूल्याङ्कन** |
| वन र वृक्षरोपण | २० हेक्टरसम्मको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन बिउ बगैँचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने | २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन बिउ बगैँचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने | वन क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न ल्यान्डफिल साइट निर्माण तथा सञ्चालन गर्ने |
| | वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा निजीबाहेकका जग्गामा महानगरपालिकाले उपभोक्ता समूहमार्फत आयोजना निर्माण वा सञ्चालन गर्ने | ५० देखि २५० हेक्टरसम्मको क्षेत्रमा एकल प्रजातिका स्वदेशी बिरुवा **एउटै ब्लकमा** वृक्षरोपण गर्ने | महानगरक्षेत्रभित्र २५० हेक्टर भन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एकै ब्लकमा वृक्षरोपण गर्ने |
| | | सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षरोपणका लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा १० हेक्टरदेखि २५ हेक्टरसम्मको क्षेत्रफलमा एउटै **ब्लकमा** वृक्षरोपण गर्ने | |

| प्रस्तावको विषय क्षेत्र | वातावरणीय अध्ययनका विधिअनुसार अध्ययन गर्नुपर्ने आयोजना तथा कार्यक्रमको मापदण्ड | | |
|---|---|---|---|
| | **सङ्क्षिप्त वातावरणीय अध्ययन** | **प्रारम्भिक वातावरणीय परीक्षण** | **वातावरणीय प्रभाव मूल्याङ्कन** |
| | | सार्वजनिक बुट्यान क्षेत्रमा जडिबुटी वा सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनका लागि जडिबुटी केन्द्र स्थापना गर्ने । | |
| | १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने । | विद्युत् प्रसारण लाइन निर्माणबाहेक अन्य प्रयोजनका लागि १ हेक्टरभन्दा बढी ५ हेक्टरसम्मको वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने । | विद्युत् प्रसारण लाइन निर्माणबाहेक अन्य प्रयोजनको लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने |
| | | वाहा (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना introduced लगायत जि.एम.ओ(Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified organism) प्रभावित प्रजाति तथा प्रविधिको स्थापना, प्रसारण तथा | |

| प्रस्तावको विषय क्षेत्र | वातावरणीय अध्ययनका विधिअनुसार अध्ययन गर्नुपर्ने आयोजना तथा कार्यक्रमको मापदण्ड | | |
|---|---|---|---|
| | सङ्क्षिप्त वातावरणीय अध्ययन | प्रारम्भिक वातावरणीय परीक्षण | वातावरणीय प्रभाव मूल्याङ्कन |
| | | अनुसन्धानसम्बन्धी कार्य गर्ने । | |
| पर्यटन | २५ देखि ५० बेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने | ५१ देखि १०० बेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने | १०० बेडभन्दा बढी क्षमताको होटल वा रिसोर्ट स्थापना तथा सञ्चालन गर्ने |
| | | माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिनजडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ कार्य वा क्रुज सञ्चालन गर्ने । | |
| | | तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने | |
| | | पाँच करोड रुपियाँभन्दा बढी लगानी हुने बन्जी जम्पिङ, स्विग, क्यानोनिक, स्काई ड्राइभिङ, हाई रोप्स, स्काई वाक, एम्युजमेन्ट पार्क, फन पार्क तथा अन्य साहसिक एवं पर्यटन पूर्वाधारका आयोजना निर्माण तथा सञ्चालन गर्ने । | |
| | | विद्यमान विमानस्थलमा क्षेत्र थप्ने । | |

| प्रस्तावको विषय क्षेत्र | वातावरणीय अध्ययनका विधिअनुसार अध्ययन गर्नुपर्ने आयोजना तथा कार्यक्रमको मापदण्ड | | |
|---|---|---|---|
| | सङ्क्षिप्त वातावरणीय अध्ययन | प्रारम्भिक वातावरणीय परीक्षण | वातावरणीय प्रभाव मूल्याङ्कन |
| सडक तथा यातायात | २५० मिटर लम्बाइसम्मको पुल निर्माण गर्ने | २५० मिटरभन्दा बढी लम्बाइका पुल (झोलुङ्गे पुलसमेत) निर्माण गर्ने | |
